# भाग ५

## नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

## सूचना

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले होटल, लज, रेष्टूराँ, बार तथा पथप्रदर्शक नियमावली, २०३८ को नियम ५ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका होटल, रिसोर्ट, पर्यटक ईन, पर्यटक लज, मोटेल तथा बेड एण्ड ब्रेकफाष्ट (बी एण्ड बी) हरुको वर्गीकरण र मापदण्ड निर्धारण गरेकोले यो सूचना प्रकाशन गरेको छ।

**(क) एकतारेदेखि पाँचतारे डिलक्ससम्मका होटलहरुको वर्गीकरणको मापदण्ड**

देहायको मापदण्ड तालिका अनुसार भौतिक सुविधा र सेवाको आधारमा होटललाई एकतारा स्तरदेखि पाँचतारा डिलक्स स्तरमा वर्गीकरण गरिएको:-

| विषय | एक तारा | दुई तारा | तीन तारा | चार तारा | पाँच तारा | पाँच तारा डिलक्स | व्याख्या/ कैफियत |
|---|---|---|---|---|---|---|---|
| भौतिक सुविधा र सेवा | | | | | | | |
| ल्याण्ड स्केपिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • बलियो भू-धरातलमा बनेको हुनुपर्ने।<br>• होटलमा खुल्ला र आकर्षक प्रवेशद्वार, मौसमी फूलफूल्ने बगैंचाको व्यवस्था, होटल परिसर भित्र डुल्न, घुम्न र आराम गर्न मिल्ने सुविधा सहित कम्पाउण्ड वालले घेरिएको, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | रुख, बिरुवा सहित हरियालीयुक्त शान्त र मनोरम वातावरण रहेको हुनुपर्ने ।<br>• होटल परिसर पूर्णरुपमा धुलो रहित, स्वच्छ र सुरक्षित भएको र नियमित रूपमा उचित मर्मत सम्भार भएको हुनुपर्ने । |
| **क्षेत्रफल** | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | भवन तथा अन्य संरचनाले जग्गाको कुल क्षेत्रफलको बढीमा ४०% भू-भाग ओगटेको हुनुपर्ने। |
| **वातावरण** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको हुनुपर्ने । |
| **निर्मित संरचना /वस्तु आकृति** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • भवन ऐन, २०५५ तथा नियमावली, २०६६ र राष्ट्रिय भवन संहिता,२०६० बमोजिम स्वीकृत भएको हुनुपर्ने ।<br>• आधुनिक बनावट र पुरानो भए उचित सम्भारको साथै ऐतिहासिक तथा साँस्कृतिक सम्पदा प्रतिविम्बित हुने, ऐतिहासिक तथा साँस्कृतिक सम्पदालाई अवरोधनहुने किसिमले भवन निर्माण भएको हुनुपर्ने । |
| **होटलको नाम र स्तर** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • होटलको प्रवेशद्वारमा स्पष्ट देखिने गरी नेपाली तथा अंग्रेजी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | भाषामा नाम लेखिएको साथै होटल सम्बन्धी सबै कागजातमा समेत होटलको नाम उल्लेख भएको हुनुपर्ने ।<br>• होटलको नाम सँगैस्पष्ट देखिने गरी ताराको स्तर खुलाईएको हुनु पर्नेछ । |
| पार्किङ्ग क्षमता | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • कम्तीमा देहायको सङ्ख्यामा चारपङ्ग्रे सवारी साधन पार्किङको व्यवस्था हुनुपर्नेः-<br>(क) एकतारा स्तरको होटलमा ५ वटा,<br>(ख) दुईतारा स्तरको होटलमा १० वटा,<br>(ग) तीनतारा स्तरको होटलमा १५ वटा,<br>(घ) चारतारा स्तरको होटलमा २० वटा,<br>(ङ) पाँचतारा स्तरको होटलमा २५ वटा,<br>(च) पाँचतारा डिलक्स स्तरको होटलमा ४० वटा।<br>• तीनतारा स्तरसम्मका होटलले होटल परिसर वा पैदल दूरीमा सवारीसाधन पार्किङ गर्न सकिने व्यवस्था मिलाएको हुनपर्ने।<br>• चारतारा र सो भन्दा माथिल्लो स्तरका होटलमा आफ्नै परिसरमा पार्किङ को प्रबन्ध भएको हुनुपर्ने।<br>• बेसमेन्ट पार्किङको हकमा सुरक्षा सम्बन्धी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | उपायहरु अवलम्बन गरेको हुनुपर्ने।<br>• सडक यातायातको पहुँच नपुगेको क्षेत्रमा निर्मित होटलहरुको हकमा पार्किङ अनिवार्य नहुने । |
| आन्तरिक नक्सा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलबाट उपलब्ध सुविधा प्राप्त हुने स्थानदेखिने गरी नक्साङ्कन गरिएको हुनुपर्ने । |
| सेवा सम्बन्धी जानकारी | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलबाट उपलब्ध हुने सेवा सुविधाको जानकारी सम्बन्धी विवरण होटल लबीबाट सहजै प्राप्त हुने व्यवस्था मिलाएको हुनुपर्ने । |
| झण्डा | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | कम्तीमा तीस वटा देशको झण्डा राख्नको लागि पोलहरुको व्यवस्था हुनुपर्ने। |
| खेलकुद | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अन्तर्राष्ट्रिय मापदण्डका खेलहरू खेल्न मिल्ने गरी बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म खेलकुदको सुविधा भएको हुनुपर्ने। |
| होटल सञ्चालन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • दैनिक चौबीसै घण्टा नियमित रुपमा होटल सञ्चालनको व्यवस्था मिलाउनु पर्ने।<br>• तीन तारास्तर वा सो भन्दा माथिल्लो स्तरका होटलमा चौबीसै घण्टा रुम सर्भिस उपलब्ध हुनुपर्ने।<br>• मौसमी रुपमा मात्र होटल सञ्चालन गर्नेको हकमा सोही बमोजिम अनुमति लिएको हुनु पर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सवारी साधन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • गेष्टलाई होटलसम्म वा होटलदेखि बसपार्क र एअरपोर्टसम्म आवतजावत गर्ने प्रयोजनको लागि सुविधाजनक सवारी साधनको व्यवस्था मिलाईएको हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | • कम्तीमा दुई वटा सुविधाजनक आफ्नै सवारी साधन हुनुपर्ने । |
| कमन सेफ डिपोजिट लकर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • गेष्टका बहुमूल्य वस्तुहरु राख्नको लागि रिसेप्सन नजिकै सेफ डिपोजिट लकरको व्यवस्था भएको हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | • हरेक कोठामा यस्तो व्यवस्था भएको हुनुपर्ने । |
| पावर सप्लाई | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलका सबै क्षेत्रमा पर्याप्तप्रकाशको व्यवस्था भएको तथा आवश्यकता अनुसार विद्युत आपूर्ति एवं वैकल्पिक व्यवस्थाभएको हुनुपर्ने । |
| पानीको व्यवस्था | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा प्रयोग हुने पानी प्रशोधित एवं शुद्धहुनुपर्ने। |
| आकासे पानी भण्डारण | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | आकासे पानी भण्डारण गर्ने प्रविधि जडान गरी पानी भण्डारण र प्रयोगगर्ने व्यवस्था मिलाएको हुनुपर्ने । |
| ढल निकास | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | प्रचलित कानून तथा सम्बन्धित स्थानीय तहको स्वीकृत मापदण्ड अनुसारको ढल निकासको व्यवस्था हुनुपर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| फोहोर मैला व्यव स्थापन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | फोहोर सङ्कलन तथा पुनःप्रयोगप्रक्रिया प्रचलित कानून एवं सम्बन्धित स्थानीय तहले तोकेको मापदण्ड तथा कार्यविधि अनुसार हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेक कोठामा रिसाइकल बिनको अनिवार्य व्यवस्था गरेको हुनुपर्ने। |
| मर्मत सम्भार | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | चौबीस घण्टा सेवा सुचारु रहने गरी व्यवस्था भएको हुनुपर्ने । |
| **फ्रन्ट अफिस** | | | | | | | |
| लबीको क्षमता | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • लबीमा देहायको सङ्ख्याका मानिसहरु अट्ने हुनुपर्नेः<br>(क) एक तारास्तरको होटलमा १० जना,<br>(ख) दुई तारास्तरको होटलमा १५ जना,<br>(ग) तीन तारास्तरको होटलमा २० जना,<br>(घ) चार तारास्तरको होटलमा ४० जना,<br>(ङ) पाँच तारास्तरको होटलमा ६० जना,<br>(च) पाँच तारा डिलक्स होटलमा ८० जना ।<br>• लबीको बीचमा मौसम अनुसारका फूलहरु राखी आकर्षक हिसावले सजावट भएको । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | • सोफा तथा आरामदायी कुर्सी र चिया टेबल राखिएको हुनुपर्ने ।<br>• नेपाली मौलिक कलाकृतिद्वारा सजावट भएको हुनुपर्ने ।<br>• वातानुकूलित व्यवस्था रहेको। |
| प्रमाण पत्र | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कम्पनी दर्ता, उद्योग दर्ता रसञ्चालन इजाजत र तारा अङ्कित प्रमाणपत्रहरु रिसेप्सनमा देखिने गरी राखेको हुनुपर्ने । |
| शौचालय | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • होटलको क्षमता अनुसार लबीको नजिक महिला र पुरुषको लागि छुट्टाछुट्टै आधुनिक, आरामदायी शौचालयको व्यवस्था भएको हुनु पर्ने।<br>• शौचालयसँगै सुज पोलिस मेसिन समेतको व्यवस्था भएको,वास् बेसिन,ऐनासँगै उज्यालोको व्यवस्था, तातो चिसो पानी र झोल साबुन, सफा टावेल, ड्रायर मेसिन तथा ट्वाइलेट पेपरसहित डिस्पेन्सरको व्यवस्था भएको हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | होटलमा अपाङ्ग मैत्री शौचालयको व्यवस्था हुनुपर्ने। |
| **बार/ लाउन्ज** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | लवी नजिकै आकर्षक ढङ्गले सजाईएको बार/लाउन्जको व्यवस्था हुनुपर्ने। |
| **रिसेप्सन स्टाफ** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • होटलमा चौबीसै घण्टा स्टाफ सहित गेष्टलाई चेक-ईन, चेक-आउट तथा रिसेप्सन गर्ने व्यवस्था भएको हुनुपर्ने।<br>• रिसेप्सनमा बस्ने कर्मचारीले नेपाली भाषाको अतिरिक्त कम्तीमा अङ्ग्रेजी भाषामा बोल्न लेख्न जानेको हुनुपर्ने।<br>• रिसेप्सनमा बस्ने कर्मचारीले विनम्र भाषामा प्रस्तुत हुने, सफा र आकर्षक देखिने जस्ता व्यक्तिगत गुणहरु विकास गर्ने सम्बन्धी तालीम प्राप्त गरेको हुनुपर्ने। |
| **गेष्ट लगेज** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | गेष्टको अनुरोधमा कोठासम्म वा कोठाबाट पार्किङ्सम्म लगेज पुऱ्याई दिने व्यवस्था भएको हुनुपर्ने। |
| **ट्राभल डेक्स** | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • आन्तरिक तथा बाह्य उडान, यातायात साधनको टिकेटिङ्गको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यवस्था हुनुपर्ने।<br>• पर्यटकको लागि आवश्यकता अनुसार गाईड उपलब्ध गराउने व्यवस्था हुनुपर्ने। |
| टेलिफोन व्यवहार | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • बढीमा तीन घण्टीभित्र टेलिफोन उठ्ने व्यवस्था हुनुपर्ने।<br>• टेलिफोनमा सम्बोधन, अभिवादन तथा आफ्नो आउटलेटको नाम लिने व्यवस्था हुनुपर्ने। |
| गेष्ट अभि वादन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | गेष्ट आगमन भएको एक मिनेट भित्र नमस्कार सहितको अभिवादन गर्ने व्यवस्था मिलाएको हुनुपर्ने। |
| पेमेन्ट (भुक्तानी प्रणाली) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नगद, क्रेडिट कार्ड वा अनलाइन भुक्तानीको व्यवस्था हुनुपर्ने । |
| पत्रपत्रिका तथा पर्यटन सम्बन्धी जानकारीमूलक सामग्री | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | पत्रपत्रिका तथा पर्यटक सम्बन्धी जानकारीमूलक सामाग्री होटलको क्षमता अनुसारको व्यवस्था हुनुपर्ने। |
| वाईफाई | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सर्वसुलभ उपलब्धता हुनुपर्ने । |
| विनिमय दर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नेपाल राष्ट्र बैङ्कबाट खरिद र बिक्री दर स्वीकृत भएका विदेशी मुद्राहरुको विनिमय दरहरु फ्रन्ट डेक्समा डिस्प्ले गर्नुपर्ने । |
| प्रार्थना स्थल | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा धर्म अनुसारका प्रार्थना गर्ने कक्ष वा सुत्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | कोठामा प्रार्थनाको लागि दिशा (Direction) खुलाईएको सङ्केत टाँस भएको हुनुपर्ने । |
| विद्युतीय उपकरण चार्जिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | मोबाइल, ल्यापटप, क्यामरा,यू.एस.वी लगायतका विद्युतीय उपकरण चार्ज गर्ने व्यवस्था भएको हुनुपर्ने । |
| फ्लोरिङ्ग (भुई) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सुत्ने कोठा तथा पब्लिक एरियामा आधुनिक शैलीको फ्लोरिङ्गको व्यवस्था हुनुपर्ने । |
| भऱ्याङ्ग र करिडोर | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | मुख्यभऱ्याङ्ग र मुख्य करिडोर कम्तीमा १.५ मिटर चौडाईको हुनुपर्ने । |
| लिफ्ट | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • भुईंतला सहित ३ तला वा सो भन्दा बढी तला भएको होटलमा चौबीसै घण्टा सञ्चालन हुने गरी लिफ्ट जडान भएको हुनुपर्ने ।<br>• कम्तीमा १.५ मिटर चौडाईको र होटलको शैया क्षमता अनुसार सो भन्दा बढी क्षमतामा लिफ्ट र सर्भिस लिफ्टको व्यवस्था भएको हुनुपर्ने ।<br>• लिफ्टमा आपतकालिन अवस्थामा सम्पर्कको लागि टेलिफोन नम्बर तथा आवश्यक सङ्केत चिन्ह राखेको हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सेफ्टी एण्ड सेक्युरीटी | | | | | | | |
| फायर सेफ्टी | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेक तला (Floor) मा फाएर सेफ्टी उपकरण जडान भएको हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा वाटर स्प्रिङ्कल वा फायर फाइटिङको लागि भरपर्दो व्यवस्था र हरेक सुत्ने कोठामा स्मोक डिटेक्टर र फायर होजरिल जस्ता सुरक्षा प्रवन्ध हुनुपर्ने । |
| सुरक्षा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • प्रत्येक तलामा आपतकालीन अवस्थाको लागि वैकल्पिक निकासको व्यवस्था भएको हुनुपर्ने।<br>• चौबीसै घण्टा सुरक्षाकर्मीको व्यवस्था भएको हुनुपर्ने।<br>• प्रत्येक कोठामा आपतकालीन अवस्थामा बाहिर निस्कने सुरक्षित मार्ग एवं तरिका खुलाईएको सूचना टाँस गरिएको हुनुपर्ने । |
| ईमरजेन्सी इभ्याकुएसन प्लान | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | विपद्को बेलामा आपतकालीन निकास योजनाको नक्सा सबै कोठाको ढोका पछाडि देखिने गरी राख्ने व्यवस्था साथै ईमरजेन्सी टेलिफोन नम्बर हरेक सुत्ने कोठामा, आउट लेटमा, स्टाफ कक्षमा तथा होटलको पछाडि पट्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | देख्ने गरी लेखेर राख्ने व्यवस्था भएको हुनुपर्ने साथै सुरक्षा घण्टी (security alarm)को प्रबन्ध भएको हुनुपर्ने । |
| **सी.सी. टि.भी** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | होटल प्रवेशद्वार देखि चौबीसैघण्टा सी.सी.टि.भीले निगरानी गरेको तथा कम्तीमा ६ महिनाको रेकर्ड सुरक्षित राखिने व्यवस्था भएको हुनुपर्ने। |
| **लगेज जाँच** | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | सुरक्षा प्रयोजनका लागि गेष्टको लगेजलाई प्रविधियुक्त उपकरणले जाँच गर्न सक्ने व्यवस्था हुनुपर्ने । |
| **डिटेक्टर गाडी स्क्यानिङ्ग** | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | गाडी प्रवेश र निकासमा सुरक्षा स्क्यानिङको व्यवस्था भएको हुनुपर्ने। |
| **प्लाष्टिक झोला प्रयोग निषेध** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | होलटमा तोकिएको मापदण्ड पूरा नभएका प्लाष्टिकका झोला प्रयोगमा प्रतिबन्ध लगाईएको हुनुपर्ने । |
| <u>हाउस किपिङ</u> | | | | | | | |
| **सुत्ने कोठा को संख्या** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • काठमाण्डौ उपत्यका भित्रको हेटलमा सुत्ने कोठाको सङ्ख्या कम्तीमा देहाय बमोजिम हुनुपर्नेः<br>(क) एकतारा स्तरको होटलमा २० वटा,<br>(ख) दुईतारा स्तरको होटलमा ४० वटा,<br>(ग) तीनतारा स्तरको होटलमा ६० वटा,<br>(घ) चारतारा स्तरको होटलमा ८० वटा,<br>(ङ) पाँचतारा स्तरको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | होटलमा १०० वटा,<br>(च) पाँचतारा डिलक्स स्तरको होटलमा १५० वटा।<br>• काठमाडौं उपत्यका बाहिरको होटलको हकमा सुत्ने कोठाको सङ्ख्या कम्तीमा क्रमशः१५, ३०, ४५, ६०, ८० र १०० भएको हुनुपर्ने । |
| **कोठा को ढोका र साँचो** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | ढोकामा अनिवार्य रुपमा सुरक्षित लकिङ सिस्टम भएको र Peep hole/Spy hole राखिएको हुनुपर्ने । |
| | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • होटलका कोठामा इलेक्ट्रोनिक लकिङ सिस्टम भएको हुनुपर्ने।<br>• होटलको कोठामा विद्युतीय साँचोको व्यवस्था भएको वा म्यानुअल कीको हकमा भित्रैबाट साँचो खोल्ने तथा बन्द गर्न सकिने व्यवस्था भएको हुनुपर्ने । |
| **कोठा को क्षेत्रफल** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • कोठाको क्षेत्रफल कम्तीमा देहाय बमोजिमको हुनुपर्नेः<br>(क) एकतारा स्तरको होटलमा सिङ्गल बेडरुम १५० वर्ग फिट र डबल बेडरुम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | १७० वर्ग फिट,<br>(ख) दुईतारा स्तरको होटलमा सिङ्गल वेडरुम १५० वर्ग फिट र डवल वेडरुम १७० वर्ग फिट,<br>(ग) तीनतारा स्तरको होटलमा सिङ्गल वेडरुम १७० वर्ग फिट र डवल वेडरुम २०० वर्ग फिट,<br>(घ) चारतारा स्तरको होटलमा सिङ्गल वेडरुम १०० वर्ग फिट र डवल वेडरुम २०० वर्ग फिट,<br>(ङ) पाँचतारा स्तरको होटलमा सिङ्गल वेडरुम २२५ वर्ग फिट र डवल वेडरुम २५० वर्ग फिट,<br>(च) पाँचतारा डिलक्स स्तरको होटलमा सिङ्गल वेडरुम २२५ वर्ग फिट र डवल वेडरुम २५० वर्ग फिट ।<br>• ट्रिपल र ट्वीन रुमको हकमा समेत सोही अनुपातको क्षेत्रफल हुनुपर्ने। |
| **वातानुकुलनको व्यवस्था** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | सुत्ने कोठा, सभा हलमा सेन्ट्रल वा स्प्लीट एयर कन्डिसन वा वातानुकुलनको व्यवस्था सहितस्वच्छ हावा प्रवाहको व्यवस्था भएको हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टेलिक म्यूनिकेशन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कल सुविधा तथा फोन गर्ने तरिका सहितको टेलिफोन सेवा प्रत्येक कोठामा उपलब्ध भएको हुनुपर्ने । • सहज ईन्टरनेट सुविधा उपलब्ध भएको हुनुपर्ने । |
| बिजनेश सेन्टर( कम्प्युटर, फोटो कपि, स्क्यानर सुविधा) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलको फ्रन्ट डेस्कमा गेष्टको अनुरोधमा डेस्कटप कम्प्युटर, फोटोकपि, स्क्यानर जस्ता उपकरण उपलब्ध हुने व्यवस्था भएको हुनुपर्ने । |
| डबल बेड रुम | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कूल कोठा सङ्ख्याको कम्तीमा १० प्रतिशत हुनुपर्ने । |
| स्विट रुम | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा कूल कोठा सङ्ख्याको कम्तीमा पाँच प्रतिशत स्वीट रुम हुनुपर्ने। |
| क्लब रुम | अपेक्षित | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | कूल कोठा सङ्ख्याको कम्तीमा दश प्रतिशत क्लब रुम हुनुपर्ने। |
| ईन्टर कनेक्टिङ्ग रुम | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | कूल कोठा सङ्ख्याको कम्तीमा दश प्रतिशत ईन्टर कनेक्टिङ्ग रुम हुनुपर्ने। |
| बेबी सिटिङ् | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | गेष्टको अनुरोधमा बेबी चेयर सहितको बेबी सिटिङ् (बच्चा कुरूवा) सेवा उपलब्ध गराउनुपर्नेछ। |
| अपाङ्ग मैत्रीकोठा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा कम्तीमा १ वटा कोठाको व्यवस्था हुनुपर्ने। |
| अपाङ्ग मैत्री | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलको लबी र होटलको बाहिरी परिसर कम्तीमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| होटल परिसर | | | | | | | ह्विलचियर गुडाउन मिल्ने गरी अपाङ्गमैत्री रूपमा निर्माण भएको हुनुपर्ने । |
| स्नान कक्ष र शौचालय | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • एट्याच्ड बाथरुमको व्यवस्था भएको हुनु पर्ने।<br>• सावर वा क्युविकलको व्यवस्था भएको हुनुपर्ने।<br>• कम्तीमा एउटा कोठा अपाङ्गमैत्री शौचालय सहितको हुनुपर्ने । |
| बाथ टब | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा कम्तीमा पचास प्रतिशत कोठाका बाथरुममा बाथ टब सहितको स्नान कक्ष हुनुपर्ने। |
| बेड साईज | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सिङ्गल ३९X७८, डबल ७२X७८, क्वीन ७८X८० ईन्चको व्यवस्था हुनुपर्ने। |
| म्याट्रेस | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सबै स्तरको होटलहरुका लागि स्तर अनुसारको गुणस्तरीय व्यवस्था भएको हुनुपर्ने। |
| तन्ना | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • तीनतारास्तर सम्मको होटलको हकमा २ बटा सो भन्दा माथिल्लो स्तरका होटलको हकमा ३ वटा सेतो रङ्गको तन्नाको व्यवस्था हुनुपर्ने।<br>• होटलमा बस्ने प्रत्येक आगन्तुकको लागि चेक ईन भन्दा अगाडी अनिवार्य रुपमा सफा तन्ना फेर्ने व्यवस्था हुनुपर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ब्ल्याङ्केट | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • मौसम अनुसार ब्ल्याङ्केटको व्यवस्था तथा अतिरिक्त ब्ल्याङ्केटको व्यवस्था भएको हुनुपर्ने।<br>• ब्ल्याङ्केटमा अनिवार्य रुपमा खोल राखी प्रत्येक आगन्तुकको लागि चेक ईन भन्दा अगाडी अनिवार्य रुपमा सफा खोल फेर्ने व्यवस्था हुनुपर्ने। |
| बेड स्प्रेड | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेक बेडमा व्यवस्था हुनुपर्ने। |
| तकिया | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • एक जना व्यक्ति बराबर २ वटा तकियाको (कभर फेर्न मिल्ने व्यवस्था सहितको) साथै अतिरिक्त तकियाको व्यवस्था भएको हुनुपर्ने।<br>• होटलमा बस्ने प्रत्येक आगन्तुकको लागि अनिवार्य रुपमा तकियाको सफा खोल फेर्ने (change) व्यवस्था हुनुपर्ने। |
| बिजुली को प्लग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | वर्किङ्ग डेक्ससँगै २ वटा प्वाइन्ट भएको बिजुली प्लगको व्यवस्था हुनुपर्ने। |
| धुम्रपान क्षेत्र | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा निश्चित क्षेत्र तोकी धुम्रपान क्षेत्र निर्माण गर्नुपर्ने र धुम्रपान गर्ने बाहेक अन्य कसैलाई सोको असर नपर्ने व्यवस्था मिलाउनुपर्ने। |
| चप्पल | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | शैया क्षमता अनुरुप पर्याप्त संख्यामा आरामदायी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | चप्पलको व्यवस्था हुनुपर्ने। |
| हेअर ड्रायर, ब्रस-पेष्ट | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | | व्यवस्था हुनुपर्ने । |
| नाइट गाउन | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | | व्यवस्था हुनुपर्ने । |
| लन्ड्री सेवा (ड्राइ क्लिनिङ सहित) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | | • एक र दुईतारा स्तरका होटलले गेष्टको अनुरोधमा होटलबाट वा बाहिरबाट कम्तीमा १२ घण्टा भित्र वासिङ्ग, ड्राईङ्ग, प्रेसिङ्ग व्यवस्था सहितको लण्ड्री सेवा उपलब्ध गराउनु पर्ने।<br>• तीनतारा वा सो भन्दा माथिल्लो स्तरका होटलले यो सेवामा कम्तीमा ड्राई क्लिनिङ् सुविधा सहितको लण्ड्री सेवा उपलब्ध गराउनु पर्ने।<br>• पाँचतारा र पाँचतारा डिलक्स स्तरको होटलको हकमा क्यालेण्डर मेसिनको व्यवस्था भएको हुनुपर्ने। |
| नोट प्याड र कलम | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | | लेखन कार्यमा प्रयोग हुने नोटप्याड तथा कलमको व्यवस्था भएको हुनुपर्ने । |
| मिनी बार | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | | कोठाभित्र रेफ्रिजेरेटरमा मिनी बारका सामग्री रहेको हुनुपर्ने । |
| कुर्सी टेबल | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | | सुत्ने कोठामा सुविधाजनक कुर्सीहरु र कफी टेबलको व्यवस्था हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| डेक्स | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | काम गर्नको लागि डेक्ससँगै आरामदायी कुर्सीहरु र टेबल बत्तीको व्यवस्था भएको हुनुपर्ने । |
| शुद्ध पिउने पानी | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेक गेष्टको लागि कम्तीमा दैनिक १ लिटर शुद्ध पिउने पानी तथा ढकन सहितको २ वटा ग्लासको व्यवस्था भएको हुनुपर्ने। पाँच तारा र पाँच तारे डिलक्सको हकमा उक्त सुविधा बाथरुममा समेत भएको हुनुपर्ने। |
| रिफ्रेस मेन्ट | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा इलेक्ट्रिक जग, चिया/कफी कप, टी/कफी प्याकेट, चिनी, दुध छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलका प्रत्येक कोठामा गेष्टको प्रयोजनको लागि ट्रेमा सिजनल फलफूलको व्यवस्था हुनुपर्ने। |
| बेड साईड टेबल | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेक व्यक्तिको लागि एउटा बेड साईड टेबल साथै दुई वटा ड्रयर भएको हुनुपर्ने । |
| कपबोर्ड / क्लोजेट | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कपबोर्ड क्लोजेटको व्यवस्था हुनुपर्ने । |
| पुस्तक | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | गेष्टको अनुरोध भए बमोजिम पुस्तकहरु उपलब्ध गराई दिने व्यवस्था हुनुपर्ने । |
| वारड्रब | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | चारतारा स्तर वा सो भन्दा माथिल्लो स्तरका होटलका हकमा भित्र बत्ती बाल्ने खापा भएको कम्तीमा ८ वटा काठको ह्याङ्गर व्यवस्था। अन्य होटलको हकमा होटलको स्तर सुहाउँदो हुनुपर्ने। |
| लगेज र्याक | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कम्तीमा ३ वटा ड्रयरको व्यवस्था हुनुपर्ने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टेलिभिजन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • रिमोटले चल्ने टिभी तथा टिभीमा नेपाली तथा विदेशी च्यानलको व्यवस्था भएको हुनुपर्ने ।<br>• चारतारा स्तर वा सो भन्दा माथिल्लो स्तरका होटलमा कम्तीमा ३२ इन्च साइजको रिमोटले चल्ने टिभी तथा टिभीमा नेपाली तथा विदेशी च्यानलको व्यवस्था भएको हुनुपर्ने। |
| ऐना | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | बेड रुममा पूर्ण साईजको ऐनाको व्यवस्था भएको हुनुपर्ने। |
| पर्दा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | बाक्लो तथा पातलो पर्दाको व्यवस्था हुनुपर्ने । |
| बिजुलीको प्लग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कम्तीमा २ वटा मोबाईल, ल्यापटप, क्यामेरा र यू.एस्.बीलगायतका विद्युतीय उपकरण चार्जिङ्गको व्यवस्था हुनुपर्ने । |
| उज्यालो (बत्ती) को व्यवस्था | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • पर्याप्त प्रकाश पुग्ने गरी बत्तीको व्यवस्था हुनुपर्ने ।<br>• प्रत्येक कोठामा बेडबाट समेत अन र अफ गर्न मिल्ने व्यवस्था मिलाएको हुनुपर्ने। |
| सजावट | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | स्थानीय संस्कृति झल्किने आर्कषक पोष्टर तथा आर्टवर्कको व्यवस्था हुनुपर्ने । |
| गेष्ट एमिनिटिज् | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | पर्याप्त ट्वाईलेट पेपर, साबुन, सेम्पु, टुथपेष्ट, बडीलोसन, जेल, सेफ्टी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | रेजर, काईयो, ऐनाको व्यवस्था भएको हुनुपर्ने। |
| टावेल (तौलिया) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सेतो रङ्गको सफा ह्याण्ड टावेल, फेस टावेल बाथ म्याट तथा बाथ टावेलको व्यवस्था हुनुपर्ने । |
| भित्ता र सिलिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | भित्ता र सिलिङ्ग सफा एवं आकर्षक हुनुपर्ने । |
| कोठाको सङ्केत | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलको हरेक तलामा सुत्ने कोठाको नम्बर सहितको संकेत चिन्ह राखने व्यवस्था भएको |
| फुड एण्ड बेभरेज सर्भिस | | | | | | | |
| रेष्टुरेण्ट/कफी सप | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • चारतारा वा सो भन्दा माथिल्लो स्तरको होटलको हकमा मौलिक नेपाली खानाको लागि छुट्टै रेष्टुरेन्ट सहित विभिन्न देशका खानाका स्पेसियालिटी रेष्टुरेन्ट र छुट्टै कफी सपको व्यवस्था भएको हुनुपर्ने।<br>• चारतारा वा सो भन्दा माथिल्लो स्तरका होटलको हकमा २४ सै घण्टा खुल्ने रेष्टुरेन्टको व्यवस्था हुनुपर्ने। |
| सङ्केत चिन्ह | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • होटलका सुविधा सम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा प्रचलित सङ्केत चिन्ह सहित आउटलेटहरुको सङ्केत चिन्ह उपयुक्त स्थानमा राख्ने व्यवस्था भएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुनुपर्ने ।<br>• बाहिर (Exit) को सङ्केत हरियो रङ्गमा राख्नु पर्नेछ। |
| रेष्टुरेन्ट /कफी सप/ बारको नाम | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • प्रवेशद्वारमा यस्ता सुविधा उपलब्धताको सङ्केत उल्लेख भएको हुनुपर्ने।<br>• बिल भुक्तानी छुट्टै नामबाट हुने व्यवस्था भएको हुनुपर्ने। |
| अपओ लिस्टरी | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | स्तरीय र सफा हुनुपर्ने । |
| सङ्गीत | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नेपाली तथा विदेशी गीत सङ्गीत गुञ्जिने अडियो सिस्टम भएको र गेष्टहरुको वार्तालापलाई असर नपर्ने गरी गुञ्जनु पर्ने । |
| भुईं | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नचिप्लिने, सफा भएको एवं गुणस्तरीय सामग्री प्रयोग गरिएको हुनुपर्ने । |
| गेष्ट एप्रोच | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | गेष्ट रेष्टुरेन्टमा आए पश्चात ५ मिनेट भित्रमा सर्भिस स्टाफले सर्भिसको लागि एप्रोच गर्ने व्यवस्था भएको हुनुपर्ने । |
| मेनु | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • मेनु कम्तीमा नेपाली तथा अङ्ग्रेजीमा लेखिएको, सजिलो र छोटकरीमा व्याख्या गरिएको हुनुपर्ने।<br>• गेष्टको अनुरोधमा चिल्ड्रेन मेनुको व्यवस्था हुनुपर्ने। |
| नेपाली खाना तथा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • होटलको उपलब्ध मेनुमा कम्तीमा २५ प्रतिशत नेपाली |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पेय पदार्थ | | | | | | | रैथाने खानाका परिकार उपलब्ध हुने व्यवस्था भएको हुनुपर्ने ।<br>• नेपालमा उत्पादित खाद्य वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिनुपर्ने। |
| जुस | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | मौसम अनुसारको ताजा फलफुलको जुस उपलब्ध हुने व्यवस्था भएको हुनु पर्ने । |
| चिया, कफी | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नेपाली स्वाद सहित कम्तीमा प्रचलित ३ प्रकारको कफी र ५ प्रकारको चिया उपलब्ध हुने व्यवस्था भएको हुनु पर्ने । |
| नन् अल्कोहोलिक बेभरेज | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | वेभरेजको सक्कल भाँडा सहित ल्याउने र गेष्टको अगाडि विर्को खोल्ने व्यवस्था भएको हुनु पर्ने । |
| फूड सर्भिस | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • एपिटाईजर, सलाद, सुप १५ मिनेट भित्र र मेन कोर्ष अर्डर लिएको २५ मिनेट भित्र सर्भिस गर्नुपर्ने।<br>• तातो खाना ६० डिग्री सेल्सिएस तापक्रम भन्दामाथि हुनुपर्ने । |
| अन्डर लाईनर | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | पेय पदार्थ सर्भिस गर्दा अन्डर लाईनरको व्यवस्था भएको हुनुपर्ने। |
| फुड डिस्प्ले काउन्टर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सफा, सुख्खा र गुणस्तरीय हुनुपर्ने। |
| अर्डर गर्ने | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | खाद्य तथा पेय अर्डर लिँदा टच स्क्रिन प्रविधियुक्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टच स्क्रिन मनिटर | | | | | | | मोनिटरद्वारा लिनुपर्ने। |
| कटलरी, क्रकरी, ग्लासवेर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | नकोरिएको, नटुक्रिएको, नफुटेको र सफा र स्तरीय हुनुपर्ने । |
| स्वास्थ्य सम्बन्धी नियमको पालना | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | देशको प्रचलित स्वास्थ्य सम्बन्धी नियमको पालना भएको प्रमाणपत्र प्राप्त भएको हुनुपर्ने । |
| खानाको गुणस्तर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | उपलब्ध खाना तथा पेय पदार्थको गुणस्तर तथा सुरक्षा सुनिश्चित भएको प्रमाणपत्र प्राप्त भएको हुनुपर्ने । |
| रुम सर्भिस र कफी सप | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | चौबीसै घण्टा सेवा उपलब्ध भएको हुनुपर्ने। |
| आईस क्यूब | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | प्रशोधित शुद्ध पानीबाट तयार गरिएको र उचित भण्डारणको व्यवस्था भएकोहुनुपर्ने। |
| ह्यान्ड सेनिटाइजर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | रिसेप्सन तथा कोठामा उपलब्ध हुनुपर्ने । |
| बिलिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सफा बिल होल्डरमा बिल पेश गर्ने व्यवस्था भएको हुनुपर्ने। |
| किचेन (भान्सा कोठा) | | | | | | | |
| भान्सा कोठा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • सफा र स्वच्छ हुनुपर्ने ।<br>• भुईं नचिप्लिने हुनुपर्ने ।<br>• भित्ता तथा सिलिङ्ग सफा र चम्किलो हुनुपर्ने।<br>• सरसफाई गर्न प्रयोगमा ल्याउने रसायन तथा विषादी खाद्यान्न भन्दा टाढा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | लेबल लगाई राख्ने व्यवस्था भएको हुनुपर्ने । |
| **भेन्टिलेसन** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | भान्सामा स्वच्छ हावा प्रवाहको लागि यान्त्रिक भेन्टिलेसनको व्यवस्था भएको हुनुपर्ने । |
| **विदेशी खाना सम्बन्धी किचेन** | **अपेक्षित** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | विदेशी खाना तयार गर्नको लागि छुट्टै किचेनको व्यवस्था हुनुपर्ने । |
| **हात धुने** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • कर्मचारीहरुको लागि छुट्टै हात धुने बेसिन, सोप डिस्पेन्सर र टावेलको व्यवस्था भएको हुनुपर्ने।<br>• हात धुने नियमहरु देखिने गरी भान्सा तथा सफा गर्ने ठाउँमा राख्ने व्यवस्था हुनुपर्ने। |
| **भान्सामा काम गर्ने कामदारको कपडा** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | खाना पकाउने सेफ तथा सहयोगीले अनिवार्य रुपमा खाना पकाउँदा लगाउनुपर्ने सफा गाउन तथा कपाल ढाक्ने टोप लगाउने व्यवस्था हुनुपर्ने। |
| **भूईंको सफाई** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | दैनिक रुपमा किटाणु रहित(Germicidal) तरीकाबाट भुईंको सफाई भएको हुनुपर्ने । |
| **सरुवा तथा सङ्क्रमण रोग उपर सावधानी** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | सरूवा तथा सङ्क्रामक रोग लागेका कर्मचारीहरुलाई काममा नलगाउने व्यवस्था भएको हुनुपर्ने । |
| **तातो, चिसो पानी** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | किचेनमा प्रयोग गर्न र भाँडा धुनको लागि तातो, चिसो पानीको व्यवस्था हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| डस्टबिन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • फोहोरको प्रकृति अनुरुप छुट्टाछुट्टै भाँडामा सुरक्षित रुपमा राख्नुपर्ने ।<br>• फोहोर मैला राख्ने भाँडाहरु नियमित रुपमा खाली गरी सफा गर्ने व्यवस्था हुनुपर्ने । |
| तापक्रम | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | मासु, दुध, माछा, अण्डा तथा अन्य छिटो सड्ने खाद्यान्नलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तल र फ्रिजिङ्ग गर्नु पर्नेलाई माइनस १८ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा भण्डारण गर्ने व्यवस्था भएको हुनुपर्ने । |
| पाकेको खाना राख्ने | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | खानेकुरालाई राम्रोसँग पकाइएको र त्यसको तापक्रम ७५ डिग्री सेल्सियस पुगेको तथा बुफे खानेकुरालाई २ घण्टा भन्दा बढी समयसम्म राख्नु परेमा त्यसको तापक्रम ६३ डिग्री सेल्सियस वा सो भन्दा माथि भएको हुनु पर्ने । |
| उपकरणको सफाई | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरणहरुलाई सेनिटाईजर (तातो पानी) प्रयोग गरि सरसफाई गर्ने व्यवस्था भएको हुनुपर्ने । |
| काँचै खाने साग सलाद जस्ता | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सबै सलाद, साग सब्जी पोटासियम वा क्लोरिन पानी जस्तो पदार्थको प्रयोग गरी (०.१ मिलिग्राम भन्दा बढी नरहने गरी) धुनु पर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खाद्यन्न को सफाई | | | | | | | व्यवस्था हुनुपर्ने। |
| किचेन ईक्युप मेन्ट | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • न्यूनतम स्टेनलेस स्टिलका भाँडाकुडा तथा औजारहरु प्रयोग गरेको हुनु पर्ने ।<br>• चारतारा वा सो भन्दा माथिल्लो स्तरका होटलको हकमा अत्याधुनिक प्रविधिका औजारहरुको व्यवस्था भएको हुनुपर्ने । |
| कटिङ्ग बोर्ड | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कलरकोड सहितको सेन्थेटिक कटिङ्ग बोर्डको व्यवस्था भएको हुनुपर्ने । |
| आल्मुनियम रहित भाँडा कुँडा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | बेकरी प्रयोजन बाहेक आल्मुनियम भाँडा प्रयोग गर्न निषेध गरेको हुनु पर्ने । |
| भाँडा धुने मेशिन (डिस वासर) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटल तथा किचनमा प्रयोग हुने भाँडाहरुको सफा पानी र उपयुक्त प्रविधिद्वारा सफाई हुनु पर्ने । |
| फोहोर व्यवस्थापन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | फोहोरको प्रकृति अनुसार सुख्खा र पानीयुक्त (dry and wet) फोहोरलाई छुट्टाछुट्टै र सुरक्षित रुपमा व्यवस्थापन गर्नुपर्ने । |
| भाडाँ वर्तन र्‍याक | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कटलरी,क्रकरी, ग्लासवेर, हलोवेर, पटप्यानको लागि उपयुक्त र्‍याकको व्यवस्था । |
| खाद्यान्न भण्डार | | | | | | | |
| भण्डार | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • ड्राई स्टोर, कोल्ड स्टोर र फ्रोजन स्टोरको व्यवस्था साथै काँचो, पाकेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | तरकारी, फलफुल, माछामासु, डेरी प्रोडक्टको लागि छुट्टाछुट्टै फ्रिज डिफ्रिजको व्यवस्था भएको हुनुपर्ने ।<br>• तीनतारा र सो भन्दा माथिल्लो स्तरका होटलको हकमा कोल्ड रुमको व्यवस्था भएको हुनुपर्ने। |
| पानीको भण्डारण | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | पानीको भण्डारण तथा प्रशोधन प्रक्रियाहरुको डकुमेन्टेसन तथा परीक्षण गरिएको गुणस्तरको अभिलेख राख्ने व्यवस्था भएको हुनुपर्ने । |
| पेष्ट कन्ट्रोल | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | किरा, मुसा आदिबाट सुरक्षित भएको हुनुपर्ने, किटनासक औषधीको प्योग गर्दा मानव स्वास्थ्यका विषयमा ध्यान पुर्‍याएको हुनुपर्ने । |
| पर्याप्त र्‍याक | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलको स्तर र क्षमता अनुसारको सफा, तप्काहरुको व्यवस्था भएको हुनुपर्ने । |
| उपभोग्य म्याद (Expiry date) | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | खाद्य तथा पेय पदार्थहरुमा एक्सपायरी डेट स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने । |
| सरस फाईका सामाग्री हरु | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | खाद्य तथा पेय स्टोरमा सरसफाईका सामाग्रीहरु राख्न नहुने। |
| **मानव संशाधन** | | | | | | | |
| विभागीय प्रमुख | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • सम्वन्धित विषयमा डिप्लोमा वा कुनै सङ्कायबाट स्नातक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | तह उत्तीर्ण गरी सम्बन्धित विषयमा आधारभूत तालीम प्राप्त गरेको हुनुपर्ने।<br>• कम्तीमा ८० प्रतिशत विभागीय प्रमुखहरुले हस्पिटालिटी होटल व्यवस्थापनमा स्नातक तह उत्तीर्ण गरी कामको अनुभव भएको हुनुपर्ने। |
| **सुपरभाइजर** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • कम्तीमा १२ कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा प्रोफेशनल कोर्ष गरी कामको अनुभव भएको हुनु पर्ने ।<br>• एक र दुईतारास्तर होटलको हकमा कम्तीमा १५ प्रतिशत स्टाफहरु र तीन तारास्तर वा सो भन्दा माथिका होटलमा न्यूनतम ४० प्रतिशत भन्दा बढी स्टाफहरु सुपरभाइजर लेभलको हुनु पर्नेछ । |
| **अपरेसनमा काम गर्ने कर्मचारी** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | कम्तीमा १२ कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा प्रोफेशनल कोर्ष गरी कामको अनुभव भएको हुनुपर्ने । |
| **तालीम** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | कर्मचारीहरुलाई आवश्यकता बमोजिमई न-हाउस तालीम दिने व्यवस्था भएको हुनुपर्ने । |
| **प्राथमिक उपचार** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | आकस्मिक अवस्थामा तुरून्त प्राथमिक उपचार उपलब्ध हुने प्रबन्ध भएको हुनुपर्ने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य परीक्षण | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | हरेकछ महिनामा कर्मचारीहरुको स्वास्थ्य परीक्षण गराउने व्यवस्था हुनुपर्ने । |
| युनिफर्म | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सबै तहका कर्मचारीहरुलाई कामको प्रकृति अनुसारको कम्तीमा तीन जोर युनिफर्मको व्यवस्था भएको हुनुपर्ने । |
| लकर रुम | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | कर्मचारीहरुको लागि युनिफर्म परिवर्तन गर्न लकर रुमको व्यवस्था भएको हुनुपर्ने । |
| स्टाफ डाईनिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | सबै कर्मचारीहरुलाई सफा तथा स्वस्थ खानाको व्यवस्था भएको हुनुपर्ने। |
| रोजगारीको अवसर | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा आवश्यक जनशक्तिका लागि उपलब्ध भएसम्मका नेपाली नागरिकलाई लिएको हुनुपर्ने। |
| शारीरिक व्यायाम | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | एरोबिक डान्स फ्लोर, साउना, ज्याकुजी, स्टीम कक्ष, जिमनाजियम, स्पा, मसाजको व्यवस्था र सोको दररेट देखिने गरी राखिएको हुनुपर्ने र यस्ता स्थानमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय, स्नान कक्ष तथा लकर रुमको व्यवस्था भएको हुनुपर्ने । |
| स्वीमिङ्ग पुल | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | • चार मिटर चौडाई र बाह मिटर लम्बाई भएको पौडी पोखरी (बच्चाको लागि समेत उपयुक्त हुने गरी) हुनुपर्ने। पोखरीका विभिन्न स्थानको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | गहिराई खुलेको मापन स्पष्ट देखिने गरी सङ्केत राखेको हुनुपर्ने। साथै आपतकालीन उद्दारको लागि तालीमप्राप्त गार्डको व्यवस्था गरेको हुनुपर्ने ।<br>• महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय, स्नान कक्ष तथा लकर रुम, सन बाथको लागि पलङ्ग, घाम छेक्ने छहारी तथा साईड टेलको समेत व्यवस्था भएको हुनुपर्ने । |
| ब्युटी सलुन | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | अन्तर्राष्ट्रिय स्तरको हुनु पर्ने । |
| चिकित्सकको सेवा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा कल डाक्टरको सेवा भएको हुनुपर्ने । |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलमा आधारभूत चिकित्सकीय सामग्री तथा औषधी सहित चौबीसै घण्टा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गर्न सकिने व्यवस्था हुनुपर्ने । |
| मनोरञ्जन | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | नाइट क्लब वा लाउञ्ज बारको व्यवस्था भई लाईभ म्युजिकको व्यवस्था भएको हुनुपर्ने । |
| स्थानीय धुन | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | होटलको लबीमा मौलिक स्थानीय धुनहरु प्राथमिकता दिई बजाउने व्यवस्था भएको हुनुपर्ने। |
| सपिङ्ग आर्केड | अपेक्षित | अपेक्षित | अपेक्षित | अनिवार्य | अनिवार्य | अनिवार्य | सजावटयुक्त र स्तरीय सपिङ्ग आर्केडको व्यवस्था भएको हुनुपर्ने। |
| बैङ्केट | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य | • होटलमा सभा कक्षका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| हल | | | | | | | साथै बैङ्केट हल भएको हुनुपर्ने ।<br>• सभा कक्ष नजिकै पुरुष र महिलाको छुट्टाछुट्टै शौचालय र शौचालयमा सुज पोलिस मेसिन र ड्रायर मेसिनको व्यवस्था भएको हुनुपर्ने। |
| | अपेक्षित | अपेक्षित | अपेक्षित | अपेक्षित | अपेक्षित | अपेक्षित | • कम्तीमा ५००० वर्गफिटको मल्टीपल हलको व्यवस्था भएको हुनुपर्ने। |

(ख) **हेरिटेज एवं बुटिक होटलको वर्गीकरणको मापदण्डः**

देहायको मापदण्ड तालिका अनुसार भौतिक सुविधा र सेवाको आधारमा हेरिटेज एवं बुटिक होटललाई साधारण, डिलक्स र लक्जरी गरी ३ वर्गमा वर्गीकरण गरिएको छः-

| विषय | साधारण | डिलक्स | लक्जरी | कैफियत वा व्याख्या |
|---|---|---|---|---|
| **भौतिक सुविधा र सेवा** | | | | |
| **होटलको डिजाइन** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • बाहिरी तथा आन्तरिक स्वरुप नेपालको ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक मौलिकता झल्किने हुनुपर्ने ।<br>• बनावट पृथक एवं Unique हुनुपर्ने । |
| **बुटिक वातावरण** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • प्रवेशद्वार, परिसर, झ्याल तथा ढोकाहरु नेपाली मौलिकता झल्कने गरी निर्माण गरिएको हुनुपर्ने।<br>• होटलमा नेपाली मौलिक संस्कृति झल्किने कला एवं सङ्गितको नियमित प्रदर्शन गर्ने स्थान तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | कलाकारको व्यवस्था हुनुपर्ने। <br>● कोठामा नेपालीपन झल्किने फर्निचरको प्रयोग भएको एवं भित्ताहरुको मौलिक संस्कृति/सम्पदा झल्किने गरी सजावट भएको हुनुपर्ने । |
| **सुत्ने कोठाको सङ्ख्या** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | ● सुत्ने कोठाको सङ्ख्या कम्तीमा देहाय बमोजिम हुनु पर्नेः- <br>(क) साधारणको हकमा १५ वटा, <br>(ख) डिलक्सको हकमा २५ वटा, <br>(ग) लक्जरीको हकमा ३५ वटा । |
| **संग्रहालय** | **अपेक्षित** | **अपेक्षित** | **अनिवार्य** | नेपाली इतिहास, कला, भेषभुषा, सङ्गित, नृत्य, साहित्य र जीवनशैलीको प्रतिनिधित्व गर्ने सामग्री सहितको सङ्ग्रहालय सञ्चालन भएको हुनुपर्ने । |
| **आतिथ्यता** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | अतिथीलाई स्वागत, बिदाई एवं होटल भित्रका अन्य अन्य सेवा प्रदान गर्दा नेपाली संस्कृति अनुरूपको हुनुपर्ने । |
| **प्रयोग हुने सामग्री** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | मेनु, ब्रोसर, प्रचारप्रसारका सामग्री, स्टेशनरी, Souvenier bag तथा होटलमा प्रयोग हुने भाँडाकुँडा जस्ता सामग्री Hotel को Theme सँग मिल्ने गरी परम्परागत एवं मौलिक हुनुपर्ने। |
| **स्टाफ ड्रेस** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | अतिथि सत्कार, वेटर, बार जस्ता सेवा दिने स्टाफहरुको ड्रेस नेपालीपन झल्किने हुनुपर्ने। |
| **खाना तथा पेय पदार्थ** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | स्थानीय तथा अर्गानिक रुपमा उत्पादित खाना तथा पेय पदार्थलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | | अधिकतम प्रयोगमा ल्याउनुपर्ने । |
| **योगा, ध्यान** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | पूर्वीय सभ्यतामा आधारित योगा, ध्यान लगायतका स्वास्थ्यबर्धक क्रियाकलापहरु तालीमप्राप्त व्यक्तिबाट सञ्चालन गर्ने व्यवस्था हुनुपर्ने। |
| **पाकिङ्ग क्षमता** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | बुटिक होटलले कम्तीमा देहायको सङ्ख्यामा होटल परिसर वा पैदल दूरीमा चार पाङ्ग्रे सवारीसाधन पार्किङ गर्न सकिने व्यवस्था मिलाएको हुन पर्नेः<br>(क) साधारण — ५ वटा,<br>(ख) डिलक्स — १० वटा,<br>(ग) लक्जरी — १५ वटा। |

**<u>द्रष्टव्य</u>:-**

(१) हेरिटेज एवं बुटिक होटलका लागि उल्लिखित बाहेकका अन्य भौतिक सुविधा रसेवाहरुको हकमा साधारण, डिलक्स र लक्जरी बुटिक/हेरिटेज होटलले क्रमशः तीन तारास्तर, चार तारास्तर र पाँच तारास्तरको होटलका लागि तोकिएको मापदण्ड भन्दा कमी नहुने गरी मापदण्ड पूरा गरेको हुनु पर्नेछ।समग्र होटलको वातावरण नेपाली परम्परा र मौलिकता झल्किने गरी तयार गरेको हुनु पर्नेछ ।

(२) हेरिटेज एवं बुटिक होटलको स्तरीकरण गर्ने समितिमा पूरातत्व विभागबाट सम्बन्धित क्षेत्रको ज्ञान भएको प्राविधिक अधिकृत समेतलाई आमन्त्रण गर्नु पर्नेछ।

## (ग) साधारण रिसोर्टदेखि लक्जरी रिसोर्टसम्मका (पर्यटक आवास) को वर्गीकरणको मापदण्ड

देहायको मापदण्ड तालिका अनुसार भौतिक सुविधा र सेवाको आधारमा रिसोर्टलाई साधारण रिसोर्ट, डिलक्स रिसोर्ट र लक्जरी रिसोर्टमा वर्गीकरण गरिएको छः-

| विषय | साधारण रिसोर्ट | डिलक्स रिसोर्ट | लक्जरी रिसोर्ट | कैफियत |
|---|---|---|---|---|
| साधारण भौतिक सुविधा र सेवा | | | | |
| ल्याण्ड स्केपिङ्ग | अनिवार्य | अनिवार्य | अनिवार्य | • बलियो भू-धरातलमा बनेको रिसोर्ट क्षेत्र हुनुपर्ने।<br>• समग्र रिसोर्ट क्षेत्रको पेशागत कुशलतापू र्वक आकर्षक योजना तथा डिजाइन गरिएको एवं खुल्ला र आकर्षक प्रवेशद्वार, मौसमी फूल फूल्ने बगैंचाको व्यवस्था, होटल परिसर भित्र डुल्न, घुम्न र आराम गर्न मिल्ने सुविधा सहित कम्पाउण्ड वालले घेरिएको, रुख, बिरुवा सहित हरियालीयुक्त शान्त र मनोरम वातावरण रहेको हुनुपर्ने ।<br>• रिसोर्ट परिसर पूर्णरूपमा धुलो रहित, स्वच्छ र सुरक्षित भएको र नियमित रूपमा उचित मर्मत सम्भार भएको हुनुपर्ने । |
| क्षेत्रफल | अनिवार्य | अनिवार्य | अनिवार्य | भवन तथा अन्य संरचनाले जग्गाको कुल क्षेत्रफलको बढीमा ४० प्रतिशत भू-भाग ओगटेको हुनुपर्ने। |
| वातावरणीय अध्ययन प्रतिवेदन | अनिवार्य | अनिवार्य | अनिवार्य | वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको हुनुपर्ने। |
| निर्मित संरचना/वास्तु | अनिवार्य | अनिवार्य | अनिवार्य | • भवन ऐन, २०५५ तथा नियमावली, २०६६ र राष्ट्रिय |

| | | | | |
|---|---|---|---|---|
| आकृति | | | | भवन संहिता, २०६० बमोजिम भएको हुनुपर्ने।<br>● आधुनिक बनावट र पुरानो भए उचित सम्भारको साथै ऐतिहासिक तथा साँस्कृतिक सम्पदा प्रतिविम्ब हुने, ऐतिहासिक तथा साँस्कृतिक सम्पदालाई अवरोध नहुने किसिमले भवन निर्माण भएको हुनुपर्ने।<br>● स्थान र स्थानीय संस्कृति सुहाउँदो कलात्मक वस्तु आकृति भएको हुनुपर्ने।<br>● भवन,आराम कक्ष तथा शयन कक्षहरु, सुबिधा सम्पन्न, आकर्षक एवं आरामदायी भएको हुनुपर्ने। |
| रिर्सोटको नाम र स्तर | अनिवार्य | अनिवार्य | अनिवार्य | ● होटलको प्रवेशद्वारमा स्पष्ट देखिने गरी नेपाली र अङ्ग्रेजी भाषामा नाम लेखिएको साथै होटल सम्बन्धी सबै कागजातमा समेत होटलको नाम उल्लेख भएको हुनुपर्ने ।<br>● रिसोर्टको नामको साथै स्तर खुलाईएको हुनुपर्ने। |
| पार्किङ्ग क्षमता | अनिवार्य | अनिवार्य | अनिवार्य | सडक यातायातको पहुँच पुगेको रिसोर्टको शयन कोठा (Bed Room) को अनुपात अनुरूप कम्तीमा १० वटा चार पाङ्ग्रे गाडीको पार्किङको प्रबन्ध गरिएको हुनुपर्ने । |
| आन्तरिक नक्सा | अनिवार्य | अनिवार्य | अनिवार्य | रिसोर्टमा उपलब्ध सुविधाहरु प्राप्त हुने स्थानहरु देखिने गरी दिशाबोध (Direction) गरिएको हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| **सेवा विवरण** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | रिसोर्टबाट उपलब्ध हुने सेवा सुविधाको जानकारी सम्बन्धी विवरण लबीबाट सहजै प्राप्त हुने व्यवस्था मिलाएको हुनुपर्ने । |
| **खेलकुद** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | भौगोलिक बनावट अनुसार उपयुक्त कुनै एक वटा outdoor खेलकुदको व्यवस्था भएको हुनुपर्ने। |
| **सि. सि. टि. भी** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | सी.सी.टि.भी. सर्भेलेन्स समेतको व्यवस्था गरी कम्तीमा ६ महिनाको डाटा सुरक्षित राख्ने व्यवस्था हुनुपर्ने। |
| **पानी** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | होटलमा प्रयोग हुने पानी प्रशोधित एवं शुद्ध हुनुपर्ने। |
| **आकासे पानी भण्डारण** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | आकासे पानी भण्डारण गर्ने प्रविधि जडान गरी पानी भण्डारण र प्रयोग गर्ने व्यवस्था मिलाएको हुनुपर्ने। |
| **फोहोरमैला व्यवस्थापन (Garbage)** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | फोहोर सङ्कलन तथा पुनर्प्रयोग प्रक्रिया प्रचलित कानून एवं सम्बन्धीत स्थानीय तहले तोकेको मापदण्ड तथा कार्यविधि अनुसार हुनुपर्ने । |
| **मर्मत सम्भार** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | चौबीसै घण्टा रिसोर्टसेवा सुचारु रहने गरी आवश्यक पर्ने मर्मत सम्भार गरिने व्यवस्था भएको हुनुपर्ने । |
| **<u>फ्रन्ट अफिस</u>** | | | | |
| **लबीको क्षमता** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | • रिसोर्टमा शयन कोठा र Conference Hall कक्षको क्षमता अनुरूप गेष्टहरु सहज रूपमा अट्न सक्ने लबीको व्यवस्था भएको हुनुपर्ने।<br>• लबीको बीचमा मौसम अनुसारका फूलहरु राखी आकर्षक हिसाबले सजावट भएको हुनुपर्ने।<br>• सोफासेट, आरामदायी कुर्सी तथा टेवल राखिएको हुनुपर्ने ।<br>• नेपाली मौलिक कलाकृतिद्वारा |

| | | | | |
|---|---|---|---|---|
| | | | | सजावट भएको हुनुपर्ने।<br>● वातानुकूलन गर्ने व्यवस्था भएको हुनुपर्ने । |
| **एयर कन्डिसन** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | सुत्ने कोठा र सभा हलमा एअर कन्डिसनको व्यवस्था भएको हुनु पर्ने । |
| **प्रमाण पत्र** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | कम्पनी दर्ता, उद्योग दर्ता र पर्यटन इजाजतकोप्रमाणपत्रहरु रिसेप्सनमा देखिने गरी राखेको हुनुपर्ने । |
| **शौचालय** | **अनिवार्य** | **अनिवार्य** | **अनिवार्य** | ● रिसोर्टको क्षमता अनुसार लबी को नजिक महिला र पुरुषको लागि छुट्टाछुट्टै सुविधाजनक शौचालयको व्यवस्था भएको हुनुपर्ने र सो शौचालयमा सुज पोलिस मेसिन समेतको व्यवस्था भएको हुनुपर्ने।<br>● वास् बेसिन, ऐनासँगै उज्यालोको व्यवस्था, तातो चिसो पानी र झोल साबुन, सफा टावेल, ड्रायर मेसिन तथा ट्वाइलेट पेपर, डस्टविन सहित डिस्पेन्सरको व्यवस्था भएको हुनुपर्ने । |
| **बार/लाउन्ज** | **अपेक्षित** | **अनिवार्य** | **अनिवार्य** | लबी नजिकै आकर्षक ढङ्गले सजाईएको बार/लाउन्जको व्यवस्था भएको हुनुपर्ने। |
